# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७८/७९
च.नं.:

मितिः २०७८/०१/२४

**कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी सूचना तथा जानकारी उपलब्ध गराउने बारे सम्पूर्ण देवघाट गाउँपालिकावासी महानुभाव एवम् सम्बन्धित निकायहरुमा अनुरोध ।**

प्रस्तुत विषयमा हाल विश्वभर फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा जिल्ला प्रशासन कार्यालय तनहुँका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा सर्वविदितै छ । निषेधाज्ञा जारी भएको अवस्थामा कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रण सम्बन्धमा देवघाट गाउँपालिका, स्वास्थ्य शाखा, वडा कार्यालय, स्वास्थ्य चौकीहरु, सुरक्षा निकाय, विभिन्न संघ संस्था, टोल विकास संस्था, निगरानी समूह तथा स्वयंसेवकहरु क्रियाशिल रहेका छन् । कोभिड-१९ संक्रमण रोकथामका लागि उल्लेखित निकायहरु सवैको महत्वपूर्ण योगदान हुने हुँदा आफ्नो क्षेत्र, टोल विकास संस्था भित्र रोकथाम नियन्त्रण सम्बन्धि सचेतना गराउने र **कोभिड-१९ संक्रमण को लक्षण देखा परी स्वास्थ्य समस्या उत्पन्न भई उपचार गराउन समस्या देखिएमा** आफ्नो टोल विकास संस्था तथा निगरानी समूहसँग समन्वय गरी सो को व्यवस्थापनका लागि यस कार्यालय, सम्बन्धित वडा कार्यालय, नजिकको स्वास्थ्य चौकीहरुमा सम्पर्क तथा जानकारी गर्नुहुन एवम् भारत लगायत विभिन्न देशबाट आएका व्यक्तिहरुको लगत विवरण संकलन गरी व्यक्ति तथा समूदाय स्तरबाट प्राप्त भएका सूचना तथा जानकारी दैनिक रुपमा यस कार्यालय वा तपसिलको मोबाइल नं. मा सम्पर्क गरी जानकारी गराउनुहुन समेत सम्बन्धित सवैको जानकारीको लागि अनुरोध गरिन्छ ।

**सम्पर्कको लागि तोकिएका कर्मचारी र सम्पर्क नं. :**

१. **श्री प्रदिप कुमार बुढाथोकी (स्वास्थ्य शाखा प्रमुख) : ९८४४२०९९४५**
२. **श्री गोविन्द प्रसाद पौडेल (प्रशासन शाखा) : ९८४४२०९९४१**

२०७८/१/२४

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

**नरहरि सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**